[प्रदेश अनुसन्धान तथा प्रशिक्षण ऐन २०७९ द्वारा स्थापित]

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

कोशी प्रदेश, कलबलगुरी झापा

## लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/१२/२७

यस प्रतिष्ठानको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लागत सहभागिता सहितको प्रदेश प्रशासन सेवाको चौथो तहको पाठ्यक्रम अनुरुपको ३० दिनको आवासीय लोक सेवा तयारी कक्षा २०८२ बैशाखको अन्तिम हप्तादेखि सञ्चालन गर्ने निर्णय भएको हुँदा कोशी प्रदेश भित्र स्थायी बसोवास गर्ने इच्छुक विद्यार्थीहरुले मिति २०८२/०१/१८ भित्र तपशिलका कागजात/ विवरण सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

१) सम्पर्क फोन/मोवाइल नम्बर र ठेगानासमेत स्पष्ट खुलाएको व्यक्तिगत निवेदन ।

२) आवेदकको कम्तिमा एस. एल. सी. / एस.ई.ई. तहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

३) आवेदकको उमेर र स्थायी बसोबासको ठेगाना खुल्ने जुनसुकै सरकारी निकायबाट जारी भएको परिचय पत्रको प्रतिलिपि।

४) आवेदकको उमेर १८ वर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

५) सम्बन्धित स्थानीय तहको सिफारिस संलग्न गर्नु पर्नेछ ।

६) अपाङ्ग आवेदकको हकमा अपाङ्गताको परिचय पत्रको प्रतिलिपि पेश गर्नुपर्ने ।

७) आवेदकको माथिको कागजात सहित मिति २०८२/०१/१८ गते भित्र Email मार्फत वा कार्यालय समयमा प्रतिष्ठानमा निवेदन दर्ता गर्नु पर्नेछ ।

८) प्राप्त आवेदनबाट छनौट भएका उम्मेद्वारको सूचि तयार गर्दा अपाङ्ग, मुस्लिम, मधेशी, थारु, आर्थिक रुपले विपन्न खस/आर्य, दलित, महिला तथा आदिवासी जनजातिलाई प्राथमिकता दिइनेछ।

९) आवेदन दिनु पर्ने ठेगाना प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलबलगुरी, झापा । Email: prta.loksewatayari@gmail.com

१०) कुनै कुरा अस्पष्ट भएमा विस्तृत जानकारीको लागि कार्यालय सम्पर्क नम्बरः ०२३-४५२१०८ मा सम्पर्क गर्न सकिने छ ।

११) कक्षा सञ्चालन हुने मिति र समयः आवेदनको मिति समाप्त भएपछि प्रतिष्ठानले प्रकाशन गर्नेछ ।

१२) सम्पर्क व्यक्तिः अरुणा भट्टराई (मोबाइल नं. (९८६२६४९७२१), सुरेश भट्टराई (९८४२६२१२७०)

.....................

जनार्दन कट्टेल

शाखा अधिकृत

शाखा अधिकृत